# सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको आन्तरिक राजस्व विभागसंग सम्बन्धित सार्वजनिक विवरण

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## १. आन्तरिक राजस्व विभाग :

### (क) पृष्ठभूमिः

करदातामैत्री कार्यप्रणालीलाई आत्मसात् गर्दै स्वेच्छिक कर सहभागिता बढाउने, कर सहभागिता लागत र संचालन लागतसमेत न्युन गर्न तात्कालीन कर विभाग तथा मूल्य अभिबृद्धि कर विभागलाई एकीकरण गरी २०५८ वैशाख २ गते आन्तरिक राजस्व विभागको गठन गरिएको हो । विभाग अन्तर्गत हाल २२ वटा आन्तरिक राजस्व कार्यालय, २६ वटा करदाता सेवा कार्यालय र १ ठूला करदाता कार्यालयको स्थापना गरी हाल संचालनमा रहेका छन् ।

यसले राजस्व प्रशासनलाई आधुनिक, स्वच्छ, सरल र दक्ष बनाई अधिकतम आन्तरिक राजस्व परिचालन गर्ने उद्देश्यका साथ प्रशासन र व्यवस्थापन गर्दै आएको छ । आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क जस्ता प्रमुख करको साथसाथै स्वास्थ्य सेवा कर, शिक्षा सेवा कर संकलन, तथा गैरकर राजस्वको अनुगमन तथा व्यवस्थापन गर्दै अएको छ । अनुसन्धानमा आधारित कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा,सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरी आन्तरिक कर कानूनहरूको प्रभावकारी एवं कुशल कार्यान्वयन गर्ने उद्देश्यकासाथ यस विभागले आफ्ना गतिबिधिहरु सञ्चालन गर्दै आइहेको छ ।

### (ख) दीर्घकालीन सोंचः

आन्तरिक राजस्व परिचालन, व्यावसायिक सेवा, नवीन सोंच र आर्थिक बृद्धिका लागि सबल संगठनको निर्माण गर्ने ।

### (ग) गन्तव्य

स्वेच्छिक कर सहभागिताको लागि गुणस्तरीय सेवाको प्रत्याभूति गर्ने र स्वच्छतापूर्वक कर कानूनको कार्यान्वयन गर्ने ।

### (घ) समग्र उद्धेश्य

सक्षम र प्रभावकारी कर प्रणालीको प्रबर्द्धन गर्ने ।

### (ङ) विकासात्मक उद्देश्यहरू

- नीतिगत सुधार र कर कानूनको पालनामा अभिबृद्धि गर्ने,
- करदाता सेवा र शिक्षाको विस्तार गर्ने,

- आधुनिक प्रविधिको अधिकाधिक मात्रामा उपयोग गर्ने,
- सांगठनिक प्रणालीको सुदृढीकरण र सक्षम जनशक्तिको परिचालन गर्ने ।

**(च) मूल्य मान्यताहरू**

- समतापूर्ण व्यवहार,
- करदाताको सम्मान
- सदाचारिता र प्रतिबद्धता,
- सहकार्य र
- नवीन सोचका साथ कार्य गर्ने ।

**(ज) विभागको कार्यप्रणालीका लागि वचनबद्धता**

करदातामैत्री कर प्रशासनको विकास गर्ने गन्तव्यमा पुग्न राजस्व प्रशासनलाई दक्ष, स्वच्छ, पारदर्शी, व्यवसायिक, प्रतिष्पर्धी, र कार्यविशिष्टीकृत अन्तरराष्ट्रिय मापदण्ड बमोजिमको बनाउनु आजको आवश्यकता हो । राजस्व प्रशासनलाई आधुनिक, स्वच्छ, सरल र दक्ष बनाई अधिकतम आन्तरिक राजस्व परिचालन गर्ने उद्देश्यका साथ कार्य गर्दै आएको आन्तरिक राजस्व विभागले बजार अनुगमनलाई सघन र व्यापक बनाउने, कर परीक्षणलाई अनुसन्धानमूलक बनाउने, कर प्रशासन र सेवाग्राही करदाताबीचको दुरी घटाउंदै पहुँच विस्तार गर्ने र विद्युतीय माध्यमको प्रयोग विस्तार गरी गुणस्तरीय अनि लागत प्रभावी सेवा प्रवाह गर्ने रणनीति अवलम्बन गरिए मुताविक सोको प्रभावकारी ढंगले अवलम्बन गरी आफ्ना क्रियाकलापहरु सञ्चालन गर्ने दिशामा हामी सदा प्रतिवद्ध रहेका छौ । साथै, तपसिलमा उल्लिखित सेवा यथासमयमै प्रदान गर्न आन्तरिक राजस्व विभाग सधैं प्रतिबद्ध छ :-

- करदाताको अधिकांश लिखित जिज्ञासाहरूको जानकारी १५ दिन भित्र दिईने
- विभागको टोल फ्री नम्बरमा फोन गरी जानकारी माग गरेको कर सम्बन्धी जिज्ञासाको जवाफ तत्कालै पाईने,
- कर सम्बन्धी कुनै जिज्ञासा भएमा विभागको Web Site: www.ird.gov.np बाट तत्कालै जानकारी लिन सक्ने,
- कर विवरण दाखिला विभागको web site बाटै विद्युतीय माध्यमबाट गर्न सकिने,
- आवश्यक कागजात सहित स्थायी लेखा नम्बर लिनका लागि आवेदन गरेमा सोही दिन उपलब्ध गराइने ।

## २. संगठनात्मक स्वरुप

विभागले देशका विभिन्न २२ स्थानमा रहेका आन्तरिक राजस्व कार्यालयहरू, ठूला करदाता कार्यालय १, काठमाण्डौं जिल्लाभित्र १३ र काठमाण्डौ उपत्यका बाहिर १३ गरी २६ वटा करदाता सेवा कार्यालयहरू मार्फत आफ्नो कर प्रशासनको व्यवस्थापन एवं संचालन गर्दै आएको छ ।

**आन्तरिक राजस्व विभाग मातहत कार्यालयहरुको संगठनात्मक तालिका**



## ३. आन्तरिक राजस्व विभागको आन्तरिक संगठनात्मक स्वरुप र कर्मचारी संख्या

अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गर्ने ध्येयका साथ तयार गरिएको आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना पूर्णतया कार्यमूलक प्रणाली (Functional System) मा आधारित छ । विभागको संगठनात्मक संरचनामा ४ महाशाखाहरूः सञ्चालन महाशाखा, नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा, अन्तःशुल्क महाशाखा र सूचना प्रविधि व्यवस्थापन महाशाखा  रहेका छन् । ती महाशाखा मातहत रहेका शाखाहरु समेतको आन्तरिक राजस्व विभागको संगठन संरचना निम्नानुसार रहेको छ :

**आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना**



## ३.२ दरबन्दी तथा पदपूर्तिको अवस्था :

| सि.नं | पद | श्रेणी | सेवा | दरवन्दी | पदपूर्ति |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम | प्रशासन | १ | १ |
| २ | उपमहानिर्देशक | रा.प.प्रथम | प्रशासन | ३ | ३ |
| ३ | सूचना प्रविधि विज्ञ | रा.प.प्रथम | विविध (विशेष१) | १ | १ |
| ४ | कम्प्यूटर इन्जिनियर | रा.प.तृतीय | विविध | १ | १ |
| ५ | सूचना प्रविधि/ कम्प्यूटर अधिकृत | रा.प.तृतीय | विविध | ११ | १० |
| ६ | सुचना सुरक्षण अधिकृत | रा.प.तृतीय | विविध | १ | |
| ७ | निर्देशक | रा.प.द्वितीय | प्रशासन, राजस्व | १७ | १७ |
| ८ | निर्देशक | रा.प.द्वितीय | प्रशासन, सा.प्र. | १ | १ |
| ९ | निर्देशक | रा.प.द्वितीय | प्रशासन, लेखा | १ | १ |
| ९ | निर्देशक (सूचना प्रविधि) | रा.प.द्वितीय | विविध | २ | २ |
| १० | उपमहान्यायाधिवक्ता | रा.प.द्वितीय | न्याय | १ | १ |
| ११ | सहायक जिल्ला न्यायाधिवक्ता | रा.प.तृतीय | न्याय | १ | १ |
| १२ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | १ | १ |
| १३ | रसायनशास्त्री | रा.प.तृतीय | विविध | १ | १ |
| १४ | सहायक खाद्य गुण नियन्त्रक | रा.प.तृतीय | कृषि,खा.पो.गु.नि. | १ | |
| १६ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | १ | १ |
| १७ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | १ | १ |
| १८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन, राजस्व | २७ | २० |
| १९ | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन, राजस्व | १० | १० |
| २० | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | २ | १ |
| | **जम्मा** | | | **८५** | **७४** |

आन्तरिक राजस्व विभागमा बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट २, बरिष्ठ अर्थशास्त्री १, अन्तर्राष्ट्रिय कर विज्ञ १, अन्तर्राष्ट्रिय कानून विज्ञ १, सिष्टम एडमिनिष्ट्रेटर ३, प्रणाली विश्लेषक ३, प्रोग्रामर १०, डाटाबेश एण्डमिनिष्ट्रेटर ४, हार्डवेयर तथा नेटवर्क टेक्निसियन ४, पावर टेक्निसियन ४ जना विशेषज्ञ सेवामा लिन सकिने तथा डा.ई.सु १०, हल्का सवारी चालक ८ र कार्यालय सहयोगी ९ ले गर्ने कार्य सेवा करारमा लिने ।

## ४. कार्यक्षेत्र

नेपालको कर प्रणालीलाई थप आधुनिकीकरण गर्न करदाताको कर सहभागिता लागत र समय घटाउन, विद्युतीय सुशासन कायम गर्न, करदाता शिक्षा र सेवा वढाउने आन्तरिक कार्य प्रक्रियाको सरलीकरण, जोखिममा आधारित कर परीक्षणको लागि सुहाउँदो जनशक्ति विकास, नतिजामा आधारित व्यावसायिक संगठन र कार्य विशिष्टिकरणको लागि संस्थागत सुधार गर्ने आन्तरिक राजस्व विभागको उद्देश्य रही आएको छ । सोही उद्धेश्य प्राप्तिको लागि आन्तरिक राजस्व विभागको कार्यक्षेत्र निम्नानुसार तोकिएको छ ।

- कर प्रशासन,
- राजस्व परिचालन,
- कर सुधार,
- कर नीति,
- करदाता सेवा र शिक्षा,
- अनुसन्धान र विकास,
- सूचना प्रविधि व्यवस्थापन,
- संगठन तथा जनशक्ति व्यवस्थापन र
- स्रोत साधन व्यवस्थापन ।

## ५. आन्तरिक राजस्व विभागले गर्ने कार्य र सेवा

**(क)** माथि बुंदा नं.४ मा उल्लिखित कार्य क्षेत्र अन्तरगतका कार्यहरु सम्पादन गर्ने गराउने,

(ख) विभागको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु गर्ने ।

## ६. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय र महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १ | महानिर्देशक | श्री किशोरजंग कार्की | ०१-४४१०३४० |
| २ | उप महानिर्देशक, नीति विश्लेषण महाशाखा | श्री चन्द्रकला पौडेल | ०१-४४१५९६९ |
| ३ | उप महानिर्देशक, अन्तशुल्क महाशाखा | श्री राजेन्द्रकुमार पौडेल | ०१-४४३९७९० |
| ४ | उप महानिर्देशक, संचालन महाशाखा | श्री धनिराम शर्मा | ०१-४४१५८०१ |
| ५ | सूचना प्रविधि विज्ञ, सूचना प्रविधि महाशाखा | श्री प्रेमशरण श्रेष्ठ | ०१-४४२२११२ |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन ।

- सामान्य आकारको (आठ दशमल बतीस इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ ।

- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ ।

    - सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैंयाँ लाग्नेछ ।

माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ लाग्नेछ । सुरुका दश पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन ।

- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ लाग्नेछ ।

- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ ।

- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ ।

- मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्यब मोजिम नै हुनेछ ।

तर विभागको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना सामग्रीको शुल्क लाग्ने छैन ।

**(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

- नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिन्छ ।
- कुनै बैंकमा रकम जम्मा गर्न लगाई सो को भौचर पेश गर्न लगाउन सकिन्छ ।
- सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिन्छ ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र,
- निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध हुनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ ।
- अन्य विशेष ऐन नियमले अवधि तोकेकाको हकमा सोही अवधिभित्र

८. **निर्णय गर्ने प्रक्रिया र अधिकारीः** (निर्णय प्रक्रिया सम्बन्धमा)

- विभागले उपलव्ध गराउने सेवा सम्बन्धी निर्णय सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धी निर्णय सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।
- विभागले सम्पादन गर्ने कार्यका सम्बन्धमा निर्णय गर्ने अधिकारी
  - महानिर्देशक
  - महानिर्देशकबाट प्रत्यायोजित अधिकार बमोजिम महाशाखा प्रमुखहरु
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा महानिर्देशकले निर्णय गर्ने

**९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

**(क)** आन्तरिक राजस्व विभागले उपलव्ध गराउने सेवा सम्बन्धमा प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम र

(ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमा राष्ट्रिय सूचना आयोग

## १० सम्पादन गरेको कामको विवरण:

## १०.१ उपलव्धीहरु

- यस आ.ब. २०७३।०७४ को वार्षिक राजस्व संकलनको लक्ष्य रु २३३ अर्ब ६० करोड १५ लाख १७ हजार रहेकोमा आ.ब. को असार मसान्तसम्म रु २५८ अर्ब १७ करोड ४९ लाख ८२ हजार संकलन भई लक्ष्यको तुलनामा ११०.५२ प्रतिशत संकलन भएको छ । गत आ.व.को तुलनामा राजस्व वृद्धिदर २६।२६ प्रतिशत रहेको छ ।

| क्षेत्र | आ.व. २०७३/०७४ को लक्ष्य | आ.व. २०७३/०७४ को असुली | असुली प्रतिशत | गत आ.व.को तुलनामा राजस्व वृद्धिदर |
|---|---|---|---|---|
| आयकर | ११४१८९८३० | १३५५८४१५७ | ११८।७४ | २६।८१ |
| घर बहाल कर | ३७५२४१० | ४०५८७९१ | १०८।१६ | २१।८९ |
| व्याज कर | ९५८०१०० | ८५९३१३६ | ८९।७० | २५।२९ |
| जम्मा आयकर | १२७५२२३४० | १४८२३६०८४ | ११६।२४ | २६।५८ |
| मू.अ.कर(आन्तरिक) | ५९३२८७५४ | ६११२०३८८ | १०३।०२ | २२।४९ |
| अन्त:शुल्क(आन्तरिक) | ४५०२५२३२ | ४७२१५४२४ | १०४।८६ | ३०।४७ |
| स्वास्थ्य सेवा कर | ९६८९४३ | ८६३३६३ | ८९।१० | १९।५९ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ७३९७२३ | ९७।८१ | ३०।५१ |
| **जम्मा** | **२३३६०१५१७** | **२५८१७४९८२** | **११०।५२** | **२६।२६** |

- राजस्व लक्ष पूरा गर्नको लागि लागि बिभागले कार्यान्ययन गरेको राजस्व नीति, मन्त्रालयबाट प्राप्त राजस्व असुलीको तत्कालीन कार्य योजना (Back up Plan), मूल्य अभिबृद्धि करमा गरिएको नीतिगत परिवर्तन, नियमित रुपमा गरिने कर परीक्षण तथा अनुसन्धान, बक्यौता बेरुजु तथा विभाग तथा मातहत कार्यालयहरुको सक्रिय लगनशीलताको परिणम स्वरुप हुन सकेको हो ।

- प्रशासकीय पुनरावलोकनमा बिगत वर्षबाट ७५५ बटा करदाताको निबेदन जिम्मेवारी सरेकोमा यस आ.ब.२०७३।०७४ को असार मसान्तसम्म ४८८ करदाताहरुको निवेदन परेको थियो । बिगत वर्षबाट जिम्मेवारी सरेका मध्ये १४४ र चालु आ.ब. मा निबेदन पेश भएका मध्ये ६९ गरी हाल सम्म २१३ बटा मुद्धा फछ्र्यौट गरिएको छ ।

- यस आ.व.को जम्मा बेरुजु रु. ५ अर्व ५४ करोड १९ लाख १७ हजार रहेकोमा असार मसान्तसम्म जम्मा रु. २ अर्व ८६ करोड ७१ लाख २५ हजार बेरुजु फछ्र्यौट भई लक्ष्यको ५१।७० प्रतिशत हासिल भएको छ ।

- System Develop गरी नेपाल दूर संचार प्राधिकरणसंग Short Code लिई दूर संचारसंग VPN को कार्य सम्पन्न भई कार्य प्रारम्भ भई सकेको छ ।

- बंगलादेशसँग अन्तिम चरणको वार्ता सम्पन्न भई सकेको छ हस्ताक्षरको लागि अन्तिम चरणमा रहको छ ।

- कर परीक्षण तथा अनुसन्धान निर्देशिका परिमार्जन गरिएको छ ।

- निर्देशिका तर्जुमा, परिमार्जन तथा प्रकाशनः आयकर, मू.अ.कर, दीर्घकालीन करार, मालवस्तु आन्तरिक ओसार पसार ।

- न्यून बिजकीकरण भएका वस्तुहरुको खरिद सम्बन्धी निर्देशिका, २०७३ स्वीकृत भएको

- मूल्य अभिबृद्धि करमा दर्ता भएका सबै करदाताले रु. १ लाख भन्दा बढीको खरिद विक्रीको विवरण कर विवरणसाथ पेश गर्नुपर्ने व्यवस्था श्रावण महिना देखिनै लागू गरिएको ।

- कर छुट पाउने संस्थाको अभिलेख व्यवस्थित गरी सूचना प्रविधिमा आवद्ध गर्ने कार्य शुरु भएको ।

- बारम्बार सोधिने कर सम्बन्धी जिज्ञासा (Frequently Asked Questions) लाई परिमार्जन गरिएको ।

- महत्वपूर्ण कार्यात्मक प्रगति विवरण

| | **महत्वपूर्ण कार्यात्मक विवरण** | **प्रगति** |
|---|---|---|
| १ | पूर्ण कर परीक्षण (संख्यामा) | ४८५८ |
| २ | पूर्ण कर परीक्षणवाट कर कर निर्धारण ( रकममा) | रु ६८ अर्ब ३८ करोड ८४ लाख |
| ३ | अनुसन्धानमूलक कर परीक्षण(संख्यामा) | ९८९ |
| ४ | अनुसन्धानमूलक कर परीक्षण(रकममा ) | २ अर्ब ०५ करोड ८७ लाख |
| ४ | बजार सर्भेक्षण (संख्यामा) | ९९३० |
| ५ | अवैध मदिरा कानुनी कारवाही(संख्यामा) | ३१९ |
| ६ | आयकर, मू.अ.कर र अन्तः शुल्क वक्यौता राख्नेलाई कानुनी कारवाही (संख्यामा) | १७४१ |
| ७ | पुरानो वक्यौता कर संकलन गरी वक्यौता घटाएका(रकममा ) | ५ अर्ब ४९ करोड ७९ लाख |
| ८ | ब्याबसायिक तथा ब्यक्तिगत स्थाई लेखा नम्बर बितरण गरी करको दायरा बिस्तार | १९२७७६ |

| | | |
|---|---|---|
| | गरिएको | |
| ९ | करदाता शिक्षा(संख्यामा) | १००० |

- २०७३ साल श्रावण २०, २१ र २२ गते बुढानिलकण्ठमा व्यबस्थापन गोष्ठी सम्पन्न गरियो । उक्त गोष्टीले २१ बुँदे घोषणा पत्र जारी गरेको थियो ।

## ११. सूचना अधिकारी र प्रमुखको विवरण :

| **विवरण** | **पदाधिकारी** | **सम्पर्क नं.** |
|---|---|---|
| प्रमुख | महानिर्देशकः श्री किशोरजंग कार्की | ०१-४४१०३४० |
| सूचना अधिकारी | उप महनिर्देशकः श्री राजेन्द्रकुमार पौडेल | ०१-४४३९७९० |

## १२. ऐन, नियम र निर्देशिकाको सूचीः

आन्तरिक राजस्व विभागलाई निर्दिष्ट गरिएका कार्यहरु सम्पादन गर्ने सिलसिलामा विभाग र अन्तर्गतका कार्यालयहरुले निम्नानुसारका राजस्व व्यवस्थापन सम्बन्धी प्रचलित विशिष्टिकृत कानून र अन्य कानून प्रयोग गरी आफनो कार्य सम्पादन गर्ने गरेका छन् ।

**विशिष्टिकृत कानूनहरु**

- आयकर ऐन, २०५८
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- अन्तःशुल्क ऐन, २०५८
- मदिरा ऐन, २०३१
- मूल्य अभिबृद्धि कर नियमावली, २०५३
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- मदिरा नियमावली ,२०३३
- सालवसाली आर्थिक ऐन
- ऐन सम्बद्ध निर्देशिकाहरु (आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क)

**अन्य कानूनहरु**

- राजस्व न्यायाधिकरण ऐन, २०३१
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- नेपाल सरकारका कर राजस्व सम्बन्धी निर्णयहरु
- आर्थिक कार्य्विधि ऐन, २०५५
- आर्थिक कार्यवधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४

## १३. आम्दानी खर्च तथा आथिर्क कारोवार सम्वन्धी विवरण

### क. आ.ब.२०७३।७४ को आषाढ मसान्त सम्मको आर्थिक विवरण

| विवरण | विनियोजन | | खर्च | | बाँकी | |
|---|---|---|---|---|---|---|
| | विभाग | कार्यालय | विभाग | कार्यालय | विभाग | कार्यालय |
| चालु बजेट | ८२८७०१००० | ९९७४०३८००। | ६८२५४१९४५।३१ | ८६४१०१२६९।४१ | १४६१५९०५४।६९ | १३३३०२५३०।५९ |
| पूँजीगत बजेट | २३७३०००० | २७१५३७००० | १३३७५६७९।१४ | १६७४३५७२४।२ | १०३५४३२०।८६ | १०४१०१२७५।८५ |
| जम्मा | ८५२४३१००। | १२६८९४०८००। | ६९५९१७६२४।४५ | १०३१५३६९९३।५६ | १५६५१३३७५।५५ | २३७४०३८०६।४४ |

**कूल जम्मा**

| विवरण | वार्षिक वजेट | निकासा/खर्च | बाँकी |
|---|---|---|---|
| चालु खर्च | १८२६१०४८००।०० | १५४६६४३२१४।७२ | २७९४६१५८५।२८ |
| पूँजीगत खर्च | २९५२६७०००।०० | १८०८११४०३।२९ | ११४४५५५९६।७१ |

## १४ अन्य विवरणः

### (क) विभागको वेव साइट

विभागका प्रकाशन तथा अन्य सूचनामूलक जानकारीको लागि विभागको वेव साइट www.ird.gov.np को निर्माण र संचालन गरिएको छ ।

### (ख) अन्य प्रकाशित पुस्तक पुस्तिका एवं सूचना र सामग्रीहरुः

१. प्रेस विज्ञप्ति एवं सूचना

२. कर बुलेटिन मासिक

३. वार्षिक प्रतिवेदन

## (ग) मातहत कार्यालयहरुको सम्पर्क नम्बर

| सि.नं. | कार्यालयको नाम | कोड नं | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व विभाग | ०१ | ४४१५८०२ | ४४११७८८ |
| २ | ठूला करदाता कार्यालय | ०१ | ५०१००५० | ५०१००५१ |
| ३ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | ०२३ | ४५५०१२ | ४५५०१९ |
| ४ | आन्तरिक राजस्व कार्यालय, धरान | ०२५ | ५२०९८२ | ५२८२८३ |
| ५ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | ०२१ | ५३०१६६ | ५२२७१७ |
| ६ | आन्तरिक राजस्व कार्यालय, लाहान | ०३३ | ५६०१८८ | ५६०४४९ |
| ७ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | ०४१ | ५२०१३६ | ५२०२९७ |
| ८ | आन्तरिक राजस्व कार्यालय, सिमरा | ०५३ | ५२०९३० | ५२०७१३ |
| ९ | आन्तरिक राजस्व कार्यालय, वीरगंज | ०५१ | ५२२०६६ | ५२२११२ |
| १० | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | ०५७ | ५२३१०१ | ५२०३०८ |
| ११ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | ०५६ | ५२०१०६ | ५२६७७८ |
| १२ | आन्तरिक राजस्व कार्यालय, पोखरा | ०६१ | ४६४३६३ | ४६४४४९ |
| १३ | आन्तरिक राजस्व कार्यालय, भैरहवा | ०७१ | ५२०८५७ | ५२१७६३ |
| १४ | आन्तरिक राजस्व कार्यालय, वुटवल | ०७१ | ४३७७७६ | ४३८८६३ |
| १५ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | ०७६ | ५२०६३२ | ५२००३२ |
| १६ | आन्तरिक राजस्व कार्यालय, दाङ | ०८२ | ५२२१०९ | ५२०००९ |
| १७ | आन्तरिक राजस्व कार्यालय, नेपालगंज | ०८१ | ५२००२६ | ५२६२०९ |
| १८ | आन्तरिक राजस्व कार्यालय, धनगढी | ०९१ | ५२१२०६ | ५२१२०६ |
| १९ | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | ०९९ | ५२१११८ | ५२११०६ |
| २० | आन्तरिक राजस्व कार्यालय, ललितपुर | ०१ | ५०१००९ | ५०१००१० |
| २१ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | ०१ | ६६१२२२६ | ६६१४७९५ |
| २२ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं १ | ०१ | ४२४१३०१ | ४२२९८७३ |
| २३ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं २ | ०१ | ४२२१९६६ | ४२२२६०८ |
| २४ | आन्तरिक राजस्व कार्यालय, काठमाडौं ३ | ०१ | ४४१५९७० | ४४१०२८५ |
| २५ | करदाता सेवा कार्यालय, चावहिल | ०१ | ४४८४३४० | ४४८४३४० |
| २६ | करदाता सेवा कार्यालय, कोटेश्वर | ०१ | ४४८९२४७ | ४४८९२४७ |
| २७ | करदाता सेवा कार्यालय, पुतलीसडक | ०१ | ४२४३१७६ | ४२४२१७६ |
| २८ | करदाता सेवा कार्यालय, वत्तिसपुतली | ०१ | ४४८५५९० | ४११३६९० |
| २९ | करदाता सेवा कार्यालय, बानेश्वर | ०१ | ४४८४६७१ | ४४८५५४३ |
| ३० | करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | ०१ | ४२३०५६३ | ४२३०५६३ |
| ३१ | करदाता सेवा कार्यालय, नयाँसडक | ०१ | ४२६६५७२ | ४२६६६५३ |
| ३२ | करदाता सेवा कार्यालय, ठमेल | ०१ | ४२१८९५३ | ४२१८९५३ |
| ३३ | करदाता सेवा कार्यालय, महाराजगंज | ०१ | ४४१९२६४ | ४४१९२६४ |
| ३४ | करदाता सेवा कार्यालय, बालाजु | ०१ | ४३८९७९१ | ४३८९७९४ |
| ३५ | करदाता सेवा कार्यालय, कलंकी | ०१ | ४२८९९५२ | ४२८५९५१ |
| ३६ | करदाता सेवा कार्यालय, कालिमाटी | ०१ | ४२८३६५८ | ४२८२८१२ |
| ३७ | करदाता सेवा कार्यालय, टंगाल | ०१ | ४४३९४७७ | ४४३९४७६ |